नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाण्डौं

P.O. Box No. 213213
Tel : + 977-1-4211195, +977-1-4211090
Email : info@bipad.gov.np
Website: https://ndrrma.gov.np

# मनसुन २०८२ को ३० दिने अवस्था प्रतिवेदन

(२०८२ जेठ १५ - २०८२ असार १३)

यस वर्ष मनसुन सरदरभन्दा १५ दिन अघि जेठ १५ (मे २९) मा नेपाल प्रवेश गर्यो। (सामान्यतः नेपालमा मनसुन भित्रिने मिति जुन १३ हो।) त्यसपछिको दुई हप्ता मनसुन निस्क्रिय रहयो। नेपाल प्रवेश गरेको २३ दिन पछि मात्र मनसुन देशभर फैलन पुग्यो।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुनमा सरदरभन्दा बढी पानी पर्ने र दिउँसो भन्दा रातमा पानी बढी पर्ने तथा गर्मीमा तापक्रम पनि औसतभन्दा बढी नै रहने पूर्वानुमान गरेको छ। उक्त पूर्वानुमानका आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सबै सरोकारवाला निकायसँग छलफल गरी "मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२" तयार गरि कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाई सकिएको छ।

सम्भावित जोखिमयुक्त क्षेत्रमा खोज तथा उद्धार र राहत सामग्रीको भण्डारण, डोजर, स्काभेटर लगायतका हेभी इक्यूपमेन्ट तयारी अवस्थामा राख्ने लगायतको काम भएको छ। विपद्का घटनामा छिटो र प्रभावकारी प्रतिकार्यका लागि प्राधिकरणका कार्यकारी प्रमुखको संयोजकत्वमा "मनसुन प्रतिकार्य कमाण्ड पोष्ट" गठन गरीएको छ। हालसम्म यसका दुईवटा बैठक सम्पन्न भइसकेका छन्। उक्त बैठकबाट राजमार्गहरुमा आउन सक्ने सम्भावित अवरोध हटाउन आवश्यक हेभी इक्वीपमेन्ट २४ सैं घण्टा तयारी अवस्थामा राख्ने, मनसुन अवधीभर बाढी, पहिरो, भारी वर्षा, पानीको उच्च बहावका कारण सडक र राजमार्गहरुको यात्रामा हुने जोखिमलाई ध्यान दिँदै आवश्यकता अनुसार सवारी साधन सञ्चालनमा रोक लगाउन ७७ वटै जिल्ला सुरक्षा समितिलाई निर्देशन दिन गृह मन्त्रालयलाई अनुरोध गर्ने लगायतको निर्णय समेत गरीएको छ।

यसैगरी प्राधिकरणले मनसुन पूर्वतयारी तथा प्रतिकार्यका कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरुसँग छलफल गरी आपसी सहकार्यको मार्ग तय गर्ने काम भएको छ। विभिन्न सरोकारवाला संघ संस्थाहरु नेपाल एशोसिएसन अफ राफ्टिङ एजेन्सिज (NARA), हिमाली समुदाय जलवायु मैत्री संगठन (CAHC), हिमालयन उद्धार संघ नेपाल (HRA), पर्वतारोहण संचालक संघ नेपाल (EOAN), ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (TAAN), नेपाल राष्ट्रिय पर्वतारोहण पथ प्रदर्शक संघ (NNMGA) र नेपाल पर्वतारोहण संघ (NMA) सँग समन्वय र सहकार्य गरीएको छ।

विपद् सम्बन्धी सूचनालाई छिटो र प्रभावकारी रुपमा आम मानिससम्म पुर्‍याउने सन्दर्भमा प्राधिकरणले नेपाल नगरपालिका संघ, राष्ट्रिय गाउँपालिका महासंघ, सार्वजनिक सेवा प्रशारण, नेपाल (PSBN), सामुदायिक रेडियोहरुको प्रसारकहरुको संघ नेपाल (ACORAB), नेपाल पत्रकार महासंघ, नेपाल रेडक्रस सोसाइटी, यातायात व्यवसायी महासंघ लगायत निकायसँग अन्तरक्रिया समेत गरी एकिकृत र समन्वयात्मक तवरबाट नागरिकलाई सुसुचित गराउने गरीएको छ । साथै प्राधिकरणको वेवसाइट, फेसबुक, ट्वीटर, यूट्युवबाट सचेतनामूलक सामग्री सम्प्रेषण तथा रेडियो, टेलिभिजन, अनलाइन, पत्रपत्रिका लगायतका माध्यमबाट सूचनाहरु र विशेष अनुरोध समेत प्रचार प्रसार गरिदै आएको छ ।



मिति २०८२ असार १३ गते डोल्पाको काइके गाउँपालिका - ४ रिवामा पहिरोले पुरिएका घरहरुबाट सामान निकाल्दै सुरक्षाकर्मी

### यस वर्ष मनसुनको पहिलो ३० दिनमा घटेका मनसुनजन्य घट्नाह( रुबाट क्षति पुगेका सरकारी तथा निजी भौतिक संरचनाहरु


- निजी घर क्षति — पूर्ण क्षति: १४; आंशिक क्षति: ८३
- विद्यालय: २
- काठे पुल: २
- जलविद्युत आयोजना: २

**हाइलाइटः**


- यो ३० दिनमा मनसुनजन्य विपद्बाट १२ जनाको मृत्यु, ६३ जना घाईते। प्रत्यक्ष प्रभावित परिवार संख्या ५११

( गत वर्ष मनसुनको यही अवधिमा ८४ जनाको मृत्यु, २ वेपत्ता र १०४ जना घाईते। विपद् प्रत्यक्ष प्रभावित परिवार १५३२ )


### मनसुनजन्य विपद्का घटना र मानवीय क्षति




### अन्य विपद्का घटना र मानवीय क्षति





### बाढी, पहिरो, भारी वर्षा र चट्याङ्गको एकमुष्ट तुलना




### मनसुनजन्य विपदका घटनाहरुका सम्बन्धमा सम्पन्न भएका प्रतिकार्यहरु

- पूर्वी नवलपरासीको विनयीत्रिवेणी गाउँपालिका-१ दुम्कीबास स्थित विनयी खोलाको बाढीमा फसेको यात्रुबाहक बसका ३५ जना यात्रुहरुको करिव अढाई घण्टाको प्रयासपछि तीनवटै सुरक्षा निकायहरुको संयुक्त प्रयासमा उद्धार गरिएको।
- विपद्का घटनामा परी घाईते भएकाहरुलाई तत्काल अस्पताल पुर्‍याइएको र निशुल्क उपचारको व्यवस्था गरिएको ।
- काभ्रेको नमोबुद्ध न.पा.-५ लासकोट स्थित रोशी खोलामा पानीको बहाव बढ्न गई खोलाको बीचमा फसेका ५ जना मानिसको नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको संयुक्त टोलीद्वारा सकुसल उद्धार गरिएको


## यस वर्ष मनसुनको पहिलो ३० दिनमा घटेका मनसुनजन्य घटनाहरुको क्षति नक्सामा




| विपद् | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रत्यक्ष प्रभावित परिवार |
|---|---|---|---|---|---|
| बाढी | ६१ | ४ | ० | ४ | १२१ |
| पहिरो | ८२ | ० | ० | २ | १०४ |
| भारी वर्षा | ४० | १ | ० | ० | १९३ |
| चट्याङ्ग | ८० | ७ | ० | ५७ | ९३ |
| **जम्मा** | **२६३** | **१२** | **०** | **६३** | **५११** |

श्रोत : *https://bipadportal.gov.np/incidents*

## यस वर्ष मनसुनको पहिलो ३० दिनमा घटेका अन्य घटनाहरुको क्षति नक्सामा





| विपद् | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रत्यक्ष प्रभावित परिवार |
|---|---|---|---|---|---|
| आगलागी | २४७ | ३ | ० | २७ | ३०० |
| वन डढेलो | ७ | ० | ० | ० | १ |
| हावाहुरी | ४५ | १ | ० | ३ | ७२ |
| सर्पदंश | २२ | २ | ० | २२ | २४ |
| जनावार आक्रमण | ४५ | ८ | ० | १८ | ६६ |
| लेक लाग्नु | १५ | ४ | ० | १९ | १२ |
| **जम्मा** | **३८१** | **१८** | **०** | **८१** | **४७५** |


श्रोत : *https://bipadportal.gov.np/incidents*

## बाढी, पहिरो, भारी वर्षा र चट्याङको गत वर्ष र यो वर्षको तुलना


### बाढीको क्षति





### भारी वर्षाको क्षति





### पहिरोको क्षति




### चट्याङ्गको क्षति




## प्रदेशगत मनसुनजन्य घटना र क्षति




### सुदूरपश्चिम

घटना संख्या १६
मृत्यु २
वेपत्ता ०
घाईते ५
प्रत्यक्ष प्रभावित परिवार १४




### कर्णाली

घटना संख्या २९
मृत्यु ०
वेपत्ता ०
घाईते ९
प्रत्यक्ष प्रभावित परिवार ७४



### लुम्बिनी

घटना संख्या ४२
मृत्यु ४
वेपत्ता ०
घाईते १६
प्रत्यक्ष प्रभावित परिवार १८७




### गण्डकी

घटना संख्या ३२
मृत्यु ०
वेपत्ता ०
घाईते २
प्रत्यक्ष प्रभावित परिवार ४६




### मधेश

घटना संख्या ४
मृत्यु ०
वेपत्ता ०
घाईते १
प्रत्यक्ष प्रभावित परिवार २



### बागमती

घटना संख्या ६८
मृत्यु ४
वेपत्ता ०
घाईते १७
प्रत्यक्ष प्रभावित परिवार १०२



### कोशी

घटना संख्या ७२
मृत्यु २
वेपत्ता ०
घाईते १३
प्रत्यक्ष प्रभावित परिवार ८६


**मनसुन सुरु भएको ३० दिन भित्रको मनसुनजन्य विपद्का घट्नाको तुलना**

| मिति | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रत्यक्ष प्रभावित परिवार |
|---|---|---|---|---|---|
| गत वर्ष २०८१ जेठ २८-असार २५ | ७४८ | ८४ | २ | १०४ | १५३२ |
| यस वर्ष २०८२ जेठ १५-असार १३ | २६३ | १२ | ० | ६३ | ५११ |


## प्रदेशगत सबैखालका (मनसुनजन्य सहित) घटना र क्षति

| प्रदेश | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रत्यक्ष प्रभावित परिवार |
|---|---|---|---|---|---|
| कोशी | १५३ | ६ | ० | २४ | १८२ |
| मधेश | ९६ | ३ | ० | १२ | ११७ |
| बागमती | ११७ | ७ | ० | २५ | १४७ |
| गण्डकी | ५७ | ५ | ० | १५ | ७४ |
| लुम्बिनी | ९६ | ५ | ० | ३० | २३९ |
| कर्णाली | ६० | १ | ० | १७ | १०३ |
| सुदूरपश्चिम | ६५ | ३ | ० | २१ | १२४ |
| जम्मा | ६४४ | ३० | ० | १४४ | ९८६ |

यस वर्ष मनसुन आगमन भए देखिको ३० दिन (जेठ १५ देखि असार १३ गते सम्म) मा मापन गरिएको वर्षाको नक्साः




चित्र १- यस वर्षा मनसुन आगमन भए देखिको ३० दिन (जेठ १५ देखि असार १३ गते सम्म) मा मापन गरिएको वर्षाको नक्सा




चित्र २- यस बर्षा मनसुन आगमन भए देखिको ३० दिन (जेठ १५ देखि असार १३ गते सम्म) मा २० वटा वर्षा मापन केन्द्रमा मापन गरिएको वर्षाको सरदर संगको तुलना

यस अवधिको जम्मा वर्षाः २६२.२ मि.मि.

यस अवधिको सरदर वर्षाः २६१.३ मि.मि.

सरदर संगको वर्षाको तुलनाः १००.३%

श्रोत : जल तथा मौसम विज्ञान विभाग




मितिः २०८२ असार ६ गते पूर्वी नवलपरासीको विनयीत्रिवेणी गाउँपालिका-१ दुम्कीबास स्थित विनयी खोलाको बाढीमा फसेको बसबाट यात्रुहरुको उद्धार गर्दै सुरक्षाकर्मी

## सम्बन्धित दस्तावेजहरु

- मनसुन पूर्वतयारी र प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२
  Link : *https://ndrrma.gov.np/np/plan/201*

## महत्वपूर्ण लिङ्कहरु

- *https://bipadportal.gov.np*
- *http://www.drrportal.gov.np*
- *https://vms.ndrrma.gov.np*
- *https://www.dhm.gov.np*

विपद्का सूचना र सन्देशका लागि
www.facebook.com/NDRRMA
www.twitter.com/NDRRMA_Nepal
www.youtube.com/c/NDRRMA
विपद् सूचना (NDRRMA)

मिति २०८२ असार १५ गते

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाण्डौं